# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## पुल्चोक, ललितपुर

प्रेस विज्ञप्ति

**(अभियोग पत्र दायर गरिएको )**

**मितिः २०८२/०३/३१**

**अबैध कलेजको ठगी धन्दा, बिद्यार्थीको बिचल्ली** शीर्षकमा अनलाइन खबरमा मिति २०७९/०८/१५ गते प्रकाशित समाचारमा सुवाल इन्टरनेशनल कलेजले शिक्षा मन्त्रालय, कुनै विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सीटीईभीटी) लगायत निकायबाट अनुमति नलिई कलेज दर्ता नगरी, विद्यार्थी भर्ना गरी शुल्क लिई ठगी गरेको भन्ने समेतका व्यहोराको प्रकाशित समाचारलाई उजुरी/सुचनाको रुपमा दर्ता गरी यस विभागबाट सम्पत्ति शुद्धीकरणको कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी प्रकाश सुवाल (ना.प्र.प.नं.११७२२ भक्तपुर) ले दर्ता नै नभएको कलेजको आबरणमा बिद्यार्थी तथा अभिभावकवाट शुल्कको रुपमा गैर कानूनी तरिकाले उठाएको कसुरबाट प्राप्त रकम सुवाल इन्टरनेशनल कलेजको नाममा प्रभु बैंकमा खाता खोली कारोवार गरी त्यस्तो कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी प्राप्ति, धारण र प्रयोग गर्ने समेतका निषेधित कार्यहरु गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि हुन आएकाले प्रतिवादी प्रकाश सुवाललाई **कुल वीगो रु ३,३६,६५,१५०। (तीन करोड छत्तिस लाख पैसठ्ठी हजार एक सय पचास** ) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम वीगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनका साथै निजको खातामा रहेको मौज्दात रकम रु.१,२०,१३,९६९ (अक्षेरुपी एक करोड बिस लाख तेह्र हजार नौ सय उनन्सतरी मात्र) समेत ऐ ऐनको दफा ३४ बमोजिम जफत हुन मागदावी लिई जिल्ला सरकारी वकील कार्यालय भक्तपुरले भक्तपुर जिल्ला अदालतमा मिति २०८२।३।२९ गते अभियोग पत्र दायर गरेको छ ।